# गुमनाम बूढाथोकी

- **आभास**

सायद
उसको नाम यस्तै थियो–
धर्मजीत
हो या पराजीत

अहिले
स्मृतिबाट हराउदै गएको

तर
उ थियो
हाम्रै वरिपरी फुलेको फूलजस्तै
होचो
कलिलो
र सुगन्धित

उसका सपना समेत थिए सुगन्धित
भन्ने गर्थ्यो–
जीवन स्वप्निल छ
म स्वप्निल खोलामा पौडदै
जीवनलाई सार्थक बनाउन चाहन्छु

एकदिन सुनियो–
पछि लाग्यो रे उ
भयङ्कर स्वप्न अभियन्ताको

सँगसँगै
काँधमा बोक्दै
भयङ्कर सपनाको भारी
पूर्व
पश्चिम
उत्तर
दक्षिण
भौतारिँदै हिँड्यो रे उ

हाम्रा सपना जिन्दावाद !
तिम्रा विपना समेत मूर्दावाद !

मुठ्ठी उचाल्दै हुन्थ्यो रे उ
अहिंसा परमो धर्मलाई
सराप्दै हुन्थ्यो रे उ

केही अन्तरालमा प्रकाशित
एउटा सार्वजनिक रिपोर्ट–
*'कमाण्डर बूढाथोकी*
*भयङ्कर सपनाको भारीमुनि चेप्टिएर*
*कच्याक्कै ।'*
**८ अगष्ट, २००६, ललितपुर**